## हलेसी तुवाचुङ नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम आर्थिक वर्ष २०८१/०८२

### १.आर्थिक विकास

### (क) कृषि तथा पशु

**कृषिमा उन्नती, किसानको समृद्धि**

- कृषि तथा पशुपन्छीजन्य उत्पादन बृद्धिको लागि व्यवसायिक कृषकहरुलाई बैंक तथा वित्तीय संस्थासँगको समन्वयमा सहुलियत व्याँजदरमा ऋण उपलब्ध गराईने व्यबस्था मिलाइनेछ।
- कृषकसंग लागत साझेदारीमा मल, खाद्य, कृषि औजार र उन्नत विऊवीजनको उचित व्यवस्था गरिनेछ ।
- बदाम, कपास, लिची र केराखेतीलाई पकेट क्षेत्रको रुपमा विस्तार गरिनेछ । बदाम उत्पादनलाई प्रवर्द्धन गर्नको लागि ५ क्विन्टल भन्दा बढी उत्पादन गर्ने कृषकलाई उत्पादनका आधारमा नगद प्रोत्साहन गरिनेछ।
- स्थानीय बंगुर र बाखापालनमा नश्लशुधार कार्यक्रम संचालन गर्दा लागत साझेदारीमा कार्यक्रम थप व्यबस्थीत गरिनेछ ।
- एक टोल एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिदै कृषि मार्ट संचालनलाई थप व्यबस्थित गरिने छ ।
- रैथाने बाली (जुनेलो, गहत, कोदो र फापर) संरक्षण एवं तरकारी खेतीलाई व्यवसायिक उत्पादन गरी हलेसी आउने पर्यटकहरुलाई अर्गानिक उपभोगको पहुच पुर्याउन होटल व्यवसायी र कृषि मार्टसँग समन्वय र सहकार्य गरिनेछ।
- कृषि हाडबजार तथा संकलन केन्द्र विस्तार गरिनेछ ।
- दीगो विकासको १५ औं लक्ष्य **जमिनमाथिको जैविक विविधताको संरक्षणलाई** आत्मसाथ गदै बाँझो रहेको जमिनमा कृषि तथा पशुपालन, घरेलु उधोग स्थापना एवं बनजन्य उत्पादन बढाइ युवालाई स्थानीयस्तरमै रोजगारीको बृद्धि गरिनेछ ।
- हलेसी मन्दिरमा प्रसादको रुपमा चढाईने नरिवल र सुपारी खेतिको विस्तारको लागि वडा नं. १ र २ मा अध्ययन तथा अनुसन्धान गरी परिक्षणको रुपमा खेती सुरुवात गरिनेछ ।

### (ख) पर्यटन तथा संस्कृति

- निर्माणाधीन धर्मशाला, रक गार्डेन जस्ता धार्मिक तथा पर्यटकिय स्थलहरुको संरचना निर्माण कार्यलाई पूर्णता दिई सार्वजनिक, निजि साझेदारी निति अनुरुप सञ्चालन गरी आन्तरिक आयमा बृद्धि गरिनेछ ।
- हलेसी तुवाचुङ नगरपालिका क्षेत्रका समग्र सांस्कृतिक, प्राकृतिक तथा ऐतिहासिक क्षेत्रलाई एकिकृत रुपमा **हलेसी तुवाचुङ सांस्कृतिक सर्किट** विकासका लागि निम्न स्थानहरुको योजना तथा कार्यक्रम कार्यन्वयन गरिनेछ। त्रिधार्मिक तपोभूमि हलेसी गुफा, तुवाचुङ, सल्ले पोखरी, महादेब बेंसी, खोक्चिलिपा, सुत्केरिढुङ्गा, दुक्सेली गुफा, लावाचुङ, रेग्मिटार क्षेत्र, बुङालुङ (रक गार्डेन), हलेसी गढी, तालिचुङ (रेडियो डाँडा), ताराखसे, किरातेश्वर महादेव, बतासे (खोप्चा), बोझे ओडार च्यास्मिटार, भुम्जु गढी र जयराम आदी ।
- हलेसी पर्यटन क्षेत्रको प्रचार प्रसार तथा प्रवर्द्धनको लागि आधिकारीक डकुमेन्ट्री, पुस्तक प्रकाशन तथा पर्चा पम्पेल्ट तयार गरिनेछ।
- होमस्टे संचालनको निमित्त नगरपालिकाले निजी क्षेत्रहरुसँग सहकार्य गर्दै रैथाने परिकारहरुको (गहत, कागुनो, फापर, कोदोको परिकार जस्ता) पाहुना र पर्यटकसँग (पालिका परिकार माला) मेनु अफ द मिनिसिपालिटी निर्माणमा प्रोत्साहन गरिनेछ।
- हलेसी क्षेत्रको पर्यटकिय सम्भावनाहरुलाई मौलिक रैथाने स्वाद सहित विकास गर्न सङ्ग्रहालय सम्बन्धी केहि नविन अभ्यासहरु गरिनेछ ।
- हलेसी तुवाचुङ नगरपालिका क्षेत्रको उपयुक्त स्थानमा मौलिक ज्ञान, ईकोम्युजियम, गुफा (बुक्टो), पहिरन, खुल्ला र दुर्लभ पुस्तक सङ्ग्राहलयको अध्ययन तथा निर्माण गरिनेछ ।
- हलेसी मन्दिर तथा बजार क्षेत्रलाई हिलो तथा धुलो रहित बनाउदै थप सौन्दर्यकरण गरिनेछ ।
- धार्मिक तथा पर्यटकिय मिल्दो जुल्दो क्षेत्र भएको छिमेकी राष्ट्र तथा विभिन्न राष्ट्रहरुको नगरपालिकासँग सिस्टर सिटी (मितेरी सम्बन्ध) कायम गरी बाह्य प्रर्यटक भित्राईने छ ।
- नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको संरक्षण र सम्वर्द्धन लागि हलेसी तुवाचुङ धार्मिक तथा सास्कृतिक तथा ऐतिहासिक स्थानहरुको संरक्षण ऐन निर्माण तथा विकास समितिहरु गठन गरि परिचालन गरिनेछ।
- आगामी आर्थिक वर्षमा हलेसीको पर्यटन प्रवर्द्धनको लागि प्रथम हलेसी धार्मिक तथा पर्यटन महोत्सव २०८२ संचालनका लागि आवश्यक तयारी गरिनेछ।

### (ग) उद्योग एवं बाणिज्य तथा हरित अर्थतन्त्र

- स्थानीयस्तरमा उत्पादित खाद्य तथा पोषणका लागि दानाहरुको प्रयोगमार्फत कुखुरा, बंगुर तथा खसीबाखा पालनको लागि दाना उद्योग स्थापना लागत साझेदारीमा गरिने छ ।
- साना तथा मझौला उद्योग सञ्चालन गर्न इच्छुक युवा तथा व्यवसायीहरुलाई सहुलियत ऋण तथा प्रविधिको उचित व्यवस्था गरिने छ ।
- स्थानिय स्तरमा उत्पादन गरिएको कपासलाई साना मझौला उद्योगसँग जोडी उत्पादनलाई बृद्धि गरी रोजगारी अभिबृद्धि गरिनेछ ।
- व्यबसाय दर्ता प्रकृयामा महिला, दलित र अपाङ्गको हकमा ४० प्रतिशत छुटको व्यबस्था गरिनेछ ।

- हलेसी तुवाचुङ नगरपालिकाभरी पुस्तौंपुस्तादेखि उत्पादन, उपभोग र बिक्रिवितरण हुँदै आएका राङ्केसी तेल र लोपहुदै गएको रैथाने पुँडी सुँगुरको व्यबसायिक उत्पादन तथा प्रवर्दन गरिनेछ ।

**(घ) सहकारीः**

- सहकारी संस्थाहरुलाई उत्पादन र उत्पादकत्वको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गरी लगानीमैत्री वातावरण तयार गरिनेछ ।
- स्थानीय उद्यमशिलता, सीप विकास र स्थानीय स्रोत साधनको उपयोगको माध्यमबाट स्थानीय उत्पादन अभिवृद्धि गरी आर्थिक विकास र गरिवी निवारणका लागि सहकरी संस्थाको नियमन र प्रर्वद्वन गरिनेछ।
- सहकारी संस्थाहरुको अनुगमन र नियमन, संस्थागत सुशासन, प्रासि तथा एकिकरण र बचत तथा लगानीको सदुपयोग र सुरक्षा गर्न आवश्यक व्यबस्था मिलाईने छ।

**(ङ) जलश्रोत तथा सिँचाई**

- नगरपालिका क्षेत्र भित्र पर्ने कोशी करिडोर भूभागमा रहेका भाडबेसी, डिकुवा, रुपटार कुर्ले र हैदे दाम्दले लिफ्टिङ सिँचाई प्रविधिलाई अबलम्बन गरी उपभोक्ता र निजी क्षेत्रको साझेदारीमा सिँचाई क्षेत्रको विस्तारका लागि आवश्यक बजेटको व्यबस्था गरिनेछ ।
- भौगोलिक र धरातलिय भिन्नताको आधारमा थोपा सिँचाई, रिचार्ज तथा कृषि पोखरी, सिँचाई कुलो निर्माण गरी जलस्रोतको समुचित उपयोग गरी खाद्यन्न बालिको उत्पादन र उत्पादकत्व बढाईनेछ ।

**(च) श्रम तथा रोजगारः- श्रमको सम्मान, नगरको अभियान**

- बेरोजगार न्यूनिकरणको लागि व्यबसायिक सिप विकास तालिम सञ्चालन गरी लागत साझेदारीमा आवश्यक अनुदान उपलब्ध गराईनेछ ।
- रोजगार रणनीति तयार गरी लागु गरिनेछ ।
- एकिकृत रुपमा श्रम तथा रोजगार सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- स्थानीय स्तरमै रोजगारी सिर्जना गर्न कृषि तथा पशुपालन बाट कम्तीमा तीन सय, युवा सिप बिकासबाट कम्तीमा एक सय, पर्यटन तथा नया उधमी सिर्जनाबाट कम्तीमा दुइ सय र पुष्प खेति,माछा पालन, पुँजा समाग्री दुना टपरी, कपासको धागो तथा कपडा निर्माण, मौरी पालन आदिबाट दुई सय गरी कम्तीमा आठ सय घरपरिवार लाई प्रत्यक्षरुपमा रोजगार सिर्जना गरिनेछ ।

## २.सामाजिक विकास

**(क) खानेपानी तथा सरसफाई**

- दीगो विकासको लक्ष्यहासिल गर्ने गरी खानेपानी तथा सरसफाई आयोजनाहरुलाई जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण हुने गरी दीगोपना कायम गर्दै प्रत्येक टोल वस्तीहरुमा स्वच्छ खानेपानीको प्रबन्ध मिलाउन प्रयास गरिनेछ ।
- लोचा, सहरबोटे, राटमाटे लगायत विभिन्न खानेपानी आयोजनाहरुलाई आवश्यक बजेट विनियोजन गरि यसै वर्षबाट आयोजना अध्ययन तथा व्यवस्थापन गरि खानेपानी विस्तार गरिनेछ ।
- नगर क्षेत्र तथा नगर क्षेत्र बाहिर रहेका जलस्रोतका मुहान पहिचान गरी पहिचान भएका मुहानलाई दिगो संरक्षण गरी उपयोगमा ल्याइनेछ।
- बृहत लिफ्टिङ खानेपानी व्यबस्थित संचालन र सुद्विकरणको लागि आवश्यक सहयोग र सहजिकरण गरिनेछ।
- धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा नियमित रुपमा संकलन हुने फोहोरलाई उचित व्यबस्थापनको अध्ययन तथा अनुसन्धान गरी प्राङ्गारिक मल उत्पादन एवं पुन प्रयोगमा जोड दिइनेछ ।

**(ख) शिक्षा**

- गुणस्तरीय शिक्षामा सबैको पहुँच वृद्धी गर्न एक वडा एक स्मार्ट विद्यालय अवधारणा कार्यान्वयनमा ल्याइनेछ।
- एक पालिका एक प्राविधिक विद्यालय नीति भएपनि कृषि तथा पशु क्षेत्रमा थप प्राविधिक विद्यालयको स्थापनाका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।
- विद्यालय समुह समुहमा सबै वालवालिकालाई विद्यालयमा ल्याउने, टिकाउने कार्यलाई प्रोत्साहनमुलक कार्यक्रमसहित अभियानका रुपमा संचालन गरिनेछ।
- शुन्य शुल्क नितिलाई निरन्तरता दिइनेछ।
- नगरपालिका र विद्यालयबीच अनलाइन प्रणाली मार्फत भर्चुअल बैठक तथा सुचना प्रवाहको व्यवस्था मिलाइनेछ।
- प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक नियुक्त गर्ने नीती अबलम्बन गर्दै प्रोत्साहन स्वरुप सामुदायिक विद्यालयहरुमा कार्यरत संचार समन्वय खर्चको भत्तालाई निरन्तरर्ता दिईनेछ ।
- स्थानिय पाठ्यक्रमलाई पुनरावलोकन गर्दै थप प्रभावकारी बनाइनेछ ।
- अनुगमनका सुचक विस्तार गरी विद्यालयको स्वःमुल्याङकन गरिनेछ।

- अंग्रेजी माध्यम भाषा शिक्षण गर्ने तथा आधारभूत तहमा मातृभाषा अतिरिक्त शिक्षण सिकाइ गरिने विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ।
- आवश्यक जनशक्तीको व्यवस्था गर्न बालविकास सहजकर्ता, लेखा कर्मचारी, कार्यालय सहयोगीहरुलाई नगरपालिकाबाट दिदै आएको थप तलब भत्तालाई आवश्यकता र कार्य सम्पादनको आधारमा निरन्तरता दिईनेछ।
- नगर स्तरीय विभिन्न प्रतिस्पर्धा तथा नगरस्तरीय परिक्षा सञ्चालन गर्दै आएकोमा व्यवस्थित, प्रभावकारी तथा बैज्ञानिक बनाइ उत्कृष्ट विद्यालय र विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिनेछ।
- शिक्षकहरुका लागी सेवा प्रवेश, पुनर्ताजगी तथा प्रविधि प्रयोग सम्बन्धी तालिमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- उच्च तथा प्राविधिक शिक्षा हासिल गर्न चाहिने गरिब जेहन्दार तथा अविभावक गुमाएका विद्यार्थीहरुलाई विशेष छात्रवृत्तीको व्यवस्था गरिनेछ।
- महिला शिक्षकहरु प्रसुती बिदामा बसेको समयमा हुने शैक्षिक क्षति न्युनीकरणका लागि प्रसुती सट्टा शिक्षकको व्यवस्था गरिनेछ।
- रिमिडियल कक्षा सञ्चालनको निति अबलम्बन गरिनेछ।

**(ग) स्वास्थ्य तथा पोषण**

- आधारभूत स्वस्थ्य सेवालाई सबै नगरबासीको पहुँचमा पुग्ने गरी निशुल्क र प्रभावकारी रुपामा उपलब्ध गराईनेछ।
- स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।
- कुपोषित बाल/बालिका खोज गरी उपचारको दायरामा ल्याईनेछ ।
- नगर अस्पतालबाट २४ सै घण्टा एम्बुलेन्स सेवा उपलब्ध गराइने छ साथै गर्भवती महिलालाई वर्थिङ सेन्टरहरुले रिफर गरेको आधारमा निःशुल्क सेवा प्रदानलाई निरन्तरता दिईनेछ ।
- सुविधा सम्पन्न अस्पतालहरुसंगको समन्वयमा टेलिमेडि सिन सेवा उपलब्ध गराउन व्यावस्था मिलाइनेछ ।
- सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन निर्माण गरी स्वास्थ्य केन्द्रहरुको विस्तार गरिनेछ ।
- आवश्यकताको आधारमा विभिन्न किसिमका स्वास्थ्य शिविर सञ्चालन गरिने छ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई नियमित प्रदान गर्दै आइरहेको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य सेवालाई थप व्यबस्थित गर्न स्वास्थ्यकर्मिहरुलाई तालिम तथा औजार उपकरणको व्यबस्था गरिनेछ।

**आयुर्वेद स्वास्थ्य नीति**

- स्थानीय स्तरमा उपलब्ध सितल चिनी, र कुरिलो जस्ता जडिबुटीहरुको नगरपालिका भित्र सामुदायिक वन क्षेत्रमा एकीकृत खेती गरिनेछ।
- हलेसी आयुर्वेद औषधालयले सञ्चालन गर्दै आईरहेको पञ्चकर्म सेवालाई थप व्यवस्थित गरी सञ्चालनमा ल्याइनेछ ।
- जडीवुटीहरुको खेती गर्ने कृषकहरुको लागि विशेष अनुदानको व्यवस्था गरिने छ।

**(घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**"सबै भन्दा पहिला उत्पादन र आम्दानीमा महिला"**

- दीगो विकासको लक्ष्य प्राप्तिका लागि नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिईनेछ ।
- लैङ्गिक हिंसा निवारण कोष, बालिका बचत र आमा समूहहरूका लागि बिउपूँजि घुम्ति कोष कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।
- एकल महिला, एकल पुरुष र अपाङ्गता भएका व्यक्तिहरुका लागि सीप विकास तथा जीविकोपार्जन सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला तथा किशोरिविरुद्ध हुने सबै प्रकार हिंसा, विभेद र शोषणको न्यूनिकरण गरिनेछ ।
- वाल विवाह रोकथाम तथा नियन्त्रणको लागि विद्यालय र समुदायमा जनचेतनामूलक कार्यक्रम गरी वाल विवाह न्यूनिकरण गरिनेछ।
- २०८३ भदौं २९ भित्र वालमैत्री नगर घोषणाको लागि निर्धारण भएका ५१ वटा सूचक पुरा गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण र कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ङ) युवा तथा खेलकुद**

- खेलकुदको माध्यमबाट युवाहरुको व्यक्तित्व विकस गर्न स्थानिय खेलकुद क्लब/संघसंस्था सँग सहकार्यमा युवा लक्षित खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्कुल टु ओलम्पिक कार्यक्रम सञ्चालन गरिनेछ ।
- खेलकुद पूर्वाधारको निर्माण तथा स्तरोउन्नती गरिनेछ ।
- खेल क्षेत्रको विकास तथा पर्यटन प्रवर्द्धनको लागि जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता आयोजना गरिनेछ।
- किराति कल्चरल गेम अन्तर्गत पर्ने धनुष बाण खेलको ऐतिहासिक महिमालाई मध्यनजर गर्दै उक्त खेलको विकास गर्न खेल पूर्वाधार निर्माणका लागि विस्तृत अध्ययन गरि थप प्रकृया बढाईनेछ ।

(च) भाषा तथा सस्कृति

- स्थानीय भाषा, लिपि, गित, भेषभूषा, कला, सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने गरिनेछ ।
- रैथाने तथा स्थानिय सांस्कृतिक सम्पदालाई विश्वव्यापिकरण गर्न पुस्तक प्रकाशन तथा डकुमेन्ट्री निर्माण गरि प्रचार प्रसार गरिनेछ ।
- नौमति बाजा, वालन, लाखे नाच, साकेला, संगिनि, पुटपुटे नाच, लाई संरक्षण र प्रवर्द्धन गरिनेछ ।

(च) सामाजिक सुरक्षा तथा संरक्षण र पञ्जिकरण

- संविधानले सुनिश्चित गरेको सामाजिक सुरक्षाको हकलाई कार्यन्वयन गर्न नगरपालिका भित्र रहेका जेष्ठ नागरिक, अपाङगता भएका व्यक्ति, एकल महिला, दलित तथा पिछडिएका वर्गका नागरिकलाई नगरपालिकाले प्रदान गर्ने सम्पूर्ण सेवा सुविधमा प्राथमिकतामा राखि कार्य गरिनेछ ।
- ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गर्न समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## ३.पूर्वाधार विकास

(क) सडक तथा यातायत

- नगर यातायात गुरुयोजना निर्माण गरी सडक क्षेत्राधिकार निर्धारण, स्तरोउन्नती तथा विस्तार, सडकको मापदण्ड, नामाकरण, रेखाङ्कन र प्राथामिकरण गरिनेछ ।
- सडकको पँहुच भन्दा बाहिर रहेका वस्तीहरुलाई उच्च प्रथामिकतामा राखी सडक विस्तार गरिनुका साथै अन्तर वडा, अन्तर पालिका र अन्तर जिल्ला जोड्ने रणनीतिक महत्वका सडकहरुलाई निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ ।
- नगरपालिकाले निर्माण गरेका सडकहरुको नियमित रुपमा मर्मत तथा संम्भार गरी नियमित रुपमा संचालन गरिनेछ ।
- पर्यटन सडकहरुलाई प्रकृति तथा संस्कृति मैत्री बनाई हलेसी तुवाचुङ नगरपालिका खण्डको पुष्पलाल मध्यपहाडी लोकमार्ग र हलेसी धितुङ रेग्मीटार  सडकलाई नमुनाको रुपमा इको-रोड/पर्यावरण मैत्री सडकका रुपमा बिकास गर्न प्रयास गरिनेछ ।
- दुधकोशी, सुनकोशी करिडोर, नगर रिङ रोड निर्माण कार्य लाई निरन्तरता दिइनेछ ।

(ख) भवन, आवास तथा सहरी विकास

- भू-बनोट, क्षमता, उपयुक्तता र भू-उपयोगको आधारमा योजनाबद्ध रुपमा नगरभित्रका सम्बम्भावित क्षेत्रहरुलाई बजारिकरण/शहरीकरण गरिनेछ ।
- नगरपालिका तथा बाँकी वडा कार्यालयहरुको प्रशासनिक भवन, स्वास्थ्य चौकी भवन, सामुदायिक भवन क्रमशः निर्माण तथा स्तरोन्नति गरी सेवा सञ्चालन गर्नका लागि बहुउपयोगी बनाइदै लगिनेछ।
- नगरपालिका भित्र निर्माण हुने भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री,  बालमैत्रीको र महिलामैत्री अवधारणलाई अवलम्बन गरिनेछ।
- बजार र ग्रामिण क्षेत्रमा खुल्ला स्थानमा योगाभ्यास स्थल, खेलकुद मैदान,हरियालि पार्क,पुष्पवाटिका, पोखरी र वाटर पार्क निर्माण गरिनेछ।
- भवन संहिता  लाई कार्यान्वयनमा जोड दिईनेछ ।

(ङ) विद्युत तथा वैकल्पिक ऊर्जा

- वैकल्पिक उर्जा प्रविधि विकाशको लागि सम्भाव्यता अध्ययन, सूचना तथा तथ्याङ्क संकलन नमुना आयोजनाको तर्जुमा एवं कार्यान्वयन गरिनेछ ।
- विद्युतीय चुलो, सुधारिएको चुलो वितरण कार्यक्रमलाई लागत साझेदारीमा संचालन गरिनेछ ।
- नगरका मुख्य सडक केन्द्रित वस्तीमा सौर्य बत्ति जडानलाई निरन्तरता दिइनेछ ।
- दातृ निकायहरुसंगको सहयोग र समन्वयमा वैकल्पिक उर्जालाई उत्पादन कार्यमा जोड दिइनेछ ।

## ४.वन वातावरण तथा विपद व्यवस्थापन

(क) विपद् व्यवस्थापन/जलवायु परिवर्तन

- विपद् व्यबस्थापनमा संलग्न रेडक्रम, गैरसहकारी संस्था, सञ्चार माध्यम, सामुदायिक संस्था, नागरिक  समाज र अन्य सरकारी निकायसँग सहकार्य गरी विपद् पूर्व तयारी, प्रतिकार्य, न्युनिकरण र व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।
- विपद् व्यवस्थापन कोषमा आवश्यक पूँजीको व्यवस्था गरी विपद् व्यवस्थापन कार्यविधि अनुरुप परिचालन गरिनेछ ।
- जलवायु परिवर्तन न्यूनिकरणका लागि हरित विकासको अवधारणा अवलम्बन गर्ने र स्वच्छ उर्जा प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- प्रत्येक वडाहरुको विपद् अबस्थाको सिमाङ्कन (जोखिम नक्सा) निर्माण गरी विपद् व्यवस्थापन लाई जोड दिईनेछ ।

(ख) वन तथा भू-संरक्षण

- वन तथा वाताबरण संरक्षणको लागि सिसाजन्य मादक पदार्थ र पिय पदार्थमा पूर्णरोक लगाई Clean and green City अभियान सञ्चालन गरिनेछ ।
- कृषि वन अबधारणा अनुसार सामुदायिक वन, निजि वन, कवुलियति बनहरुमा व्यवसायिक फलफुल तथा जडिबुट्टी खेतिको सुरुवात गरिनेछ ।
- नगरपालिका भित्र रहेका सामुदायिक वन जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोगी वातावरण तथा जैविक विविधता सम्बन्धि नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन गरी अनुगमन र नियमन गरिनेछ।
- फोहोरमैला व्यवस्थापन प्रणालीलाई आधुनिक प्रणालीमा आधारित यन्त्रहरुको प्रयोग गरी प्रभावकारी बनाउदै धार्मिक स्थल, सडक, टोल र अन्य सार्वजनिक स्थलमा फोहोरमैला हुन नदिने व्यवस्थापन मिलाइनेछ।
- सम्बन्धित निकाय सँग समन्वय र सहकार्य गरी सल्ला प्रजातीको रुखलाई हटाईएको स्थानमा माटो तथा हावापानी सुहाउँदो बिरुवाहरु (बाँस, खयर,चिउँरी,अमला) जस्ता विरुवाहरु वन कार्यालय तथा सम्बन्धित निकायहरुसँग आवश्यक समन्वयमा वृक्षारोपण गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

### (क) मावन संशाधन विकास

- स्वीकृत दरवन्दी अनुसार कर्मचारीहरुको पदपूर्ति र पदस्थापन गरिनेछ । रिक्त दरवन्दिहरुमा कर्मचारी आपूर्ति गरिनेछ।
- कर्मचारीको कार्य सम्पादनका आधारमा प्रोत्साहन तथा अतिरिक्त भत्ता उपलब्ध गराईने निति अबलम्बन गरिनेछ।
- नगरपालिकाको संगठन संरचनालाई पुनरावलकोन गरी सबै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागु गरिनेछ । कर्मचारीहरुको कामको मूल्याङ्कन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ । प्रशासनिक स्वच्छता र निश्पक्षता नगरपालिकाको प्रमुख ध्येय हुनेछ ।
- नगरपालिकाका कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मीहरुलाई क्षमता विकास तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस नगरपालिकामा कार्यरत करार कर्मचारीहरुको लागि कर्मचारी कल्याणकोषको व्यबस्था गरि कार्यन्वयन गरिनेछ ।

### (ख) सुशासन प्रवर्द्धन

- बार्षिक खर्चको सार्वजनिक परिक्षण गरी खर्चको लेखाजोखा तथा वित्तिय जोखिम न्यूनिकरण गरिनेछ ।साथै बेरुजु फछ्र्यौट कार्यलाई प्राथामिकताका साथ अगाडि बढाईनेछ ।
- नगरपालिकाले सञ्चालन गर्ने योजना/कार्यक्रमलाई स्थानिय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) बमोजिम नतिजा प्राप्त हुने गरी सञ्चालन गरिनेछ ।
- "तपाई जहाँ, नगरपालिकाको सेवा त्यहाँ" कार्यक्रम मार्फत अनलाइन, अफलाईन सेवा व्यवस्थापन लाई निरन्तरता दिईनेछ।
- नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवाहरुलाई पारदर्शी, पहुँचयोग्य हुने गरी व्यवस्था मिलाई, प्रविधिमैत्री (ई-भुक्तानि, ई-सिफारिस पत्र जस्ता इ-सेवाको व्यवस्था) बनाउन कार्यविधि र कार्यशैलीमा सुधार गरिनेछ ।

### (ग) स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन

- डिजिटल नगर प्रोफाइललाई थप व्यबस्थित गरिनेछ।
- स्थानीय राजपत्र र नगरको गतिविधिहरुको प्रकाशन र प्रशारणलाई नियमित रुपमा व्यवस्थित गर्दै लगिनेछ।
- अध्ययन अनुसन्धान अन्वेषण जस्ता कार्यमा उपलब्ध तथ्याङ्कको प्रयोगमा सहजता ल्याउन विद्युत्तीय रुपमा सार्वजनिक हुने सूचना तथा तथ्याङ्क खुला सरकारी अवधारणा अनुसार प्रशारण गरिनेछ।

### (घ) अनुसन्धान तथा विकास

- तुलानात्मक रुपमा विकासका सम्भावना बढी भएका माटो, बन, धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको सम्बन्धित निकायहरुको समन्वयमा अनुसन्धान र विकासलाई संस्थागत गर्दै उत्पादन र उत्पादकत्वमा जोड दिइनेछ।

### (ङ) न्यायिक सेवा तथा मेलमिलाप

- न्यायिक समिति र वडामा रहेका मेलमिलाप केन्द्रहरुबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित गरिनेछ।
- सूचना प्रविधिको उच्चतम प्रयोगबाट न्याय सम्पादन कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाईनेछ।
- न्याय सम्पादनलाई प्रभावकारी बनाउन अन्तरस्थानिय तहको अध्ययन तथा अवलोकन गरिनेछ।

### (च) राजस्व

- सम्पति कर सम्बन्धी कानून बनाइ कानूनी दायरामा ल्याइनेछ भने भूगोल अनुकुल मूल्याङ्कन दर कायम गरिनेछ ।
- करदाता शिक्षा प्रभावकारी बनाउदै लगिनेछ ।
- करका दर र दायरालाई वैज्ञानिक आधारमा विश्लेषण गरि विस्तार गरिनेछ ।

- राजश्व प्रशासनलाई चुस्त, दुरुस्त र सूचना प्रविधिमा आधारित बनाइनेछ यसै आ.व.देखि राजश्व संकलन प्रणलिलाई महालेखा परिक्षकको कार्यालय तयार गरेको सुत्र सफ्टवेयर प्रणालिलाई व्यवस्थित गरिनेछ।
- प्राकृतिक तथा नदीजन्य श्रोतबाट प्राप्त ढुङ्गा, गिटी, बालुवाको वातावरणीय प्रभाव मुल्याङ्कन गरी नदीजन्य  उपयोगलाई करको क्षेत्र भित्र अनिवार्य ल्याइनेछ ।
- भवन निर्माण तथा नक्सा पासलाई अनिवार्य गरिनेछ ।

**(च) सञ्चार तथा सूचना प्रविधि**

- सूचना तथा सञ्चार प्रविधिको उपयोग, विकास र विस्तार गर्दै सार्वजनिक सेवालाई खुल्ला पारदर्शि  जवाफदेहिता नितिको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- नगरभित्र  सहज मोबाइल नेटवर्क र इन्टरनेट पहुँचको व्यवस्थापनमा सरकारी तथा निजी क्षेत्रसँग सहकार्य गरी पहुँच विस्तार गरिनेछ ।
- नगरपालिकाबाट प्रकाशन हुने विज्ञापन तथा सूचना नगर र जिल्ला भित्रकै एजेन्सीलाई प्राथमिकता दिइनेछ ।
- हलेसी तुवाचुङ नगरपालिकाको विकास कार्य खोज, अनुसन्धान र नागरिकलाई सूचना सहज रुपमा उपलब्ध गराउनको लागि स्थानीय संचारमाध्यम र संचारकर्मीहरुको योगदानका आधारमा हरेक वर्ष नगरपत्रकारीता पुरस्कार  प्रदान गरिनेछ ।
- हाम्रो रेडियो हाम्रो कुरा, हाम्रो अनलाइन हाम्रै समचारका लाइन लाई जस्ता संचारका माध्यमहरुलाई अधिकतम उपयोग गरिनेछ ।

**६. अन्तर सम्बन्धित विषयहरु**

- नागरपालिकामा उपलब्ध हुने भौतिक, मानवीय तथा प्राविधिजन्य स्रोतको उपयोगीतालाई प्राथमिता दिदै राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.हरूलाई स्रोत परिचालन गरिनेछ।
- नगरपालिकाले कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीरण र औद्योगीकरणमा निजी क्षेत्रलाई अभिप्रेरित गर्नेछ।
- समृद्ध नगर निर्माणका लागि योजना बैंक तयार गर्न नगर योजना आयोगलाई थप प्रभावकारी बनाइनेछ ।
- दिगो विकासको लक्ष्य प्राप्तिको लागि सम्बन्धित निकायसँग सहकार्य गरी निति, कार्यक्रम तथा बजेट कार्यन्वयन गरिनेछ ।

**७. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन**

- योजना संचालनलाई व्यबस्थित गर्न वडा कार्यालयहरुबाटै योजना सम्झौता र उपभोक्ता समिति अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- आयोजनाको पहिचान, मूल्याङ्कन, छनोट तथा प्राथमिकीकरणका लागि आयोजना विकास सम्बन्धी स्रोत सहितको संरचनाको व्यवस्था र सुदृढीकरण गरिनेछ।
- योजना तर्जुमाको क्रममा नै कार्यान्वियनका लागि आवश्यक संस्थागत संरचना, स्रोत, जिम्मेवारी र अनुगमन तथा मूल्याङ्कन पद्धतिको स्पष्ट व्यवस्था गरिनेछ।
- हुम्ला जिल्ला नाम्खा गाँउपालिकाको र यस नगरपालिकाको आवश्यक समन्वयमा दुवै क्षेत्रको धार्मिक तथा पर्यटकिय ऐतिहासिक क्षेत्रको विकासका लागि बजेट तथा कार्यक्रम व्यवस्था गरिने नीति लिइनेछ ।

**उपस्थित नगरसभाका सदस्यज्यूहरु**

अन्त्यमा, नेपालको संविधानले आत्मासाथ गरेका मान्यता र परिकल्पनाहरु, योजना विकास प्रकृयमा तय गरिएका राष्ट्रिय, प्रादेशिक र स्थानीय लक्ष्यहरु तथा आज नगरबासीहरुबाट प्रकट भएका भावनाहरु एवं शान्ति सुव्यबस्था र विकासका विषयबस्तुहरुको अन्तरनिहित चाहानाहरुलाई यस निति तथा कार्यक्रमले समेटेकोछ ।प्रस्तुत तिनि तथा कार्यक्रम निर्माणको लागि मत्वपूर्ण भूमिका खेल्नु हुने नगरस्थित विभिन्न राजनितिकदल, संघ संस्था, विषय विज्ञ,नागरिक समाज, संचारकर्मीहरू, कर्मचारीहरु तथा सुझाब दिनु हुने सम्पूर्ण नगरवासीमा कृतज्ञता प्रकट गदै यसको सफल कार्यन्वयमा समेत सहयोग हुने कुरामा म विश्वस्त छु ।

नगरपालिकाको भावी रूपरेखा निर्धारण गर्ने नगरसभा वार्षिक वजेट नीति तथा कार्यक्रम निर्माणका सवलमा सुरुवात देखि नै प्रक्रियागत रुपमा छलफलमा सहभागी हुनु हुने सम्पूर्ण नगरसभाका सदस्यहरुलाई नगर प्रमुखको  तर्फवाट हार्दिक आभार व्यक्त गर्दै कृतज्ञता ज्ञापन गर्न चाहान्छु।साथै प्रस्तुत नीति यस गरिमामय सभामा छलफलका लागि पेश गरेको छु ।

धन्यवाद ।

<u>हलेसी तुवाचुङ नगरपालिका नगरसभाको १५ औं नगर अधिबेसनमा आर्थिक वर्ष २०८१/०८२ को आम्दानी तथा खर्चको बजेट बक्तव्यः-</u>

नगरसभाका सभाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरु, हलेसी तुवाचुङ नगरपालिकाको १५ औं बजेट अधिवेशनमा नगर कार्यपालिकाको तर्फबाट आ.व.२०८१/०८२ को विनियोजनको आधारहरू, प्रस्तावित आम्दानी तथा खर्चको विवरण पेश गर्ने अनुमति चाहान्छु ।
यस सम्मानीत नगरसभामा प्रस्तुत भएको आ.व.२०८१/०८२ को निति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि तपसिल अनुसारको बजेट विनियोजनको आधार, आम्दानी र खर्चको बजेट अनुमान पेश गरेको छु ।

**<u>सभा अध्यक्ष महोदय, आ.व.२०८१/०८२ को बजेट विनियोजनको आधारहरू प्रस्तुत गर्दछु ।</u>**

**(क) <u>कानुनी आधारः-</u>**

नेपालको संविधानको धारा २२९ मा नगरपालिकाको संचित कोष र सो कोषबाट धारा २३० अनुसार नगरपालिकाको राजस्व र व्ययको अनुमान यस नगरसभामा पेश गर्ने संवैधानिक प्रावधान अनुसार बजेट वनाउदा संघीय अर्थ मन्त्रालय र प्रदेशको आर्थिक मामिला तथा कानून मन्त्रालयलबाट प्राप्त

मार्गदर्शन, नेपालको संविधानको अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मार्गदर्शनलाई आधार मानिएको छ । ऐनको दफा २४ मा नगरपालिका भित्र के-कस्ता योजना बनाउने भन्ने कुरा प्रष्टरूपमा कानूनी रुपमै उल्लेख गरिएको छ । यस्तै सविधानको धारा २२९ मा उल्लेखित नगरपालिकाको संचित कोषमा जम्मा हुने नगरपालिकाको आय रकमका सम्बन्धमा ऐनको दफा ६५ मा उपप्रमुखको संयोजकत्वमा रहेको स्थानीय राजस्व परामर्श समितिबाट ऐनको दफा ५४, ५५, ५६, ५७, ५८, ५९, ६०, ६१, ६२ र ६३ अनुसारको सेवा र क्षेत्रमा स्थानीय कर राजस्व र गैर कर राजस्वका लागि प्राप्त परामर्शका आधारमा नेपालको संविधानको धारा २२९ (२) अनुसार चालू सभावाट स्वीकृत तथा पारित हलेसी तुवाचुङ नगरपालिकाको कर तथा गैरकर राजस्व संकलन ऐन, २०७६ बमोजिम र यसै बजेट तथा कार्यक्रमको अभिन्न अङ्गको रुपमा सभामा प्रस्तावित हलेसी तुवाचुङ नगरपालिकाको आय व्यवस्थापन गर्न हलेसी तुवाचुङ नगरपालिका आर्थिक ऐन, २०८१ को विधेयक समेतका आधारमा हलेसी तुवाचुङ नगरपाललकाको आ. व. २०८१ /०८२ कानूनी आधार रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ अनुसार नगरप्रमुखको संयोजकत्वमा रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमाका आधारमा ऐनको दफा ६७ अनुसार उपप्रमुखको सयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भई नगरकार्यपालिकाबाट नगर सभामा पेश हुन स्वीकृत बजेट तथा कार्यक्रम नै यस सभामा पेश गर्नुपर्ने, कानुनी आधार रहेको व्यहोरा निवेदन गर्न चाहान्छु।

(ख) **हाम्रो अभ्यास:**

स्वभाविक रुपमा लोकतान्त्रिक शासन व्यवस्था भनेको समाजका सबै जात, वर्ग, लिङ्ग. धर्म र वर्ण भएका नागरिकहरुको सार्वजनिक कल्याण गर्ने राज्य संयन्त्रमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा अर्थपूर्ण सहभागिता हो। यसमा प्रतिनिधिमुलक प्रतिनीधित्व हुन्छ, लोकतन्त्रको सौन्दर्य पनि यही नै हो। वडा समितिहरुबाट वस्तीस्तरमा स्थानीय जनसाधारणको सहभागिताबाट छनौट भई प्राथमिकता प्राप्त कार्यक्रममा नै उल्लिखित खण्ड (क) को विभिन्न समितिहरुबाट कार्यक्रम छनौट र बजेट विनियोजन कार्य हुन्छ। यस सभामा समेत वडा स्तरमा योजना छनौट प्रक्रियामा संलग्न पदाधिकारीहरु रहेका छौं, सभाबाट हामीले नै पारित तथा स्वीकृत गरी कार्यान्वयन पनि हाम्रै प्रत्यक्ष सुपरिवेक्षण, अनुगमनमा गर्ने गरिएको छ। त्यसको मूल्याङ्कन समेत हामी नै गर्छौं। यस प्रकारको हाम्रो अभ्यास दुनियाँको लोकतान्त्रिक व्यवस्थामा गौरवशाली अभ्यास रहेको व्यहोरा पनि म सभालाई निवेदन गर्न चाहन्छु।

हाम्रो यस अभ्यासलाई हामीले कायम राख्न यसको सवल पक्षको प्रबर्द्धन र आलोच्य पक्षको सुधार गर्न हाम्रै पहल प्रशंसनीय हुन्छ। यस तथ्यलाई म विनम्रतापूर्वक यस सभामा अनुरोध गर्दछु । यसैबाट सुशासन प्रबर्द्धन सम्भव छ । समृद्धि हासिल गर्ने राष्ट्रिय लक्ष्य पनि यहि हो । नेपालको संविधानले आत्मसाथ गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म पनि यहि नै हो।

आ.व. २०८१/०८२ को राजस्व सहित कुल आय प्रस्ताव गर्न चाहन्छु। आयको मूलस्रोत आन्तरिक आयतर्फ प्रस्तावित हलेसी तुवाचुङ नगरपालिकाको आर्थिक ऐन, २०८१ को विधेयकमा नगरपालिकाबाट लगाइएका विविध कर तथा गैरकर राजस्वको दायरा र दर तथा बाह्य आयतर्फ संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, विशेष अनुदान, समपूरक अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाडबाट प्राप्तहुने रकम, अन्य सरकारी निकायबाट प्राप्त हुने रकम, गत सालको खर्च नभई सरेको रकम तथा दायित्व र संचित कोषमा समावेश गरी खर्च गर्नुपर्ने र हिसाब राख्नुपर्ने सम्पूर्ण रकमलाई आय बनाइएको छ।

यस सम्मानित सभामा आ. व. २०८१/०८२ को राजश्वको मूल विशेषता संक्षिप्त रुपमा निम्नानुसर भएको व्यहोरा उल्लेख गर्न चाहन्छु ।

आ. व. २०८१/०८२ मा पनि साविक हलेसी तुवाचुङ नगरपालिलकाको सेवा शुल्कको दरमा सामान्य हेरफेर मात्र गरी वि.सं. २०८१ साल साउन १ गते देखि नगरपालिकाका सबै वडामा सेवा शुल्क दस्तुरको एउटै दर कायम गरिएको छ।

सम्पत्ति कर तथा भुमिकरलाई व्यवस्थित रुपमा संकलन गर्न जग्गा तथा घरको किसिमको वर्गिकरण वैज्ञानिक तरिकाले गरी करको दायरालाई फराकिलो बनाइएको छ। जस अनुसार हलेसी तुवाचुङ नगरपालिकामा निर्माण भएका सडक सुविधालाई आधार मानी सम्पति कर तथा भूमीकर निर्धारण गरिएको सम्मानित सभामा अनुरोध गर्दछु।

हलेसी तुवाचुङ नगरपालिका क्षेत्र भित्र विक्री वितरण हुने वस्तु तथा सेवामा राजश्व परामर्श समितिको सिफारिसमा तोकिएको दरले र नगरपालिका भित्र उत्पादित वस्तु तथा सेवामा शुल्क निर्धारण गरिएको छ । कर तथा गैरकर राजस्वका दरलाई भन्दा दायरालाई फराकिलो बनाउने प्रयत्न गरिएको छ । नगरपालिका निर्माण गर्ने दायित्व नगरबासीहरुको नै हो, आर्थिक सहभागिता करलाई रहरका रुपमा आत्मसाथ गर्ने संस्कृति प्रवर्द्धन गर्न निजी क्षेत्रको संस्थागत प्रतिनिधिमूलक संस्था हलेसी तुवाचुङ उद्योग वाणिज्य संघ सँगको विगत देखिको सहकार्यलाई अझ सक्रिय र सशक्त बनाइनेछ । कर नतिर्ने जो कोहीप्रति कठोर नीति लिइनेछ । संघीय, प्रदेश तथा स्थानीय तहका सरकार अन्तर्गतका निकाय तथा नेपाल सरकार र अन्तर्गतका स्वायत निकायहरू र वित्तिय संस्थाहरुबाट प्रवाह गरिने सेवा स्थगन वा खारेज गर्ने सम्मका कारवाहीका लागि आवश्यक व्यवस्था गरिनेछ।

**सभा अध्यक्ष महोदय, आ.व. २०८१/८२ को बजेट आय/आम्दामी प्रस्तुत गर्दछु ।**

| सि.नं. | स्रोत | आ.व.२०८१/८२ को अनुमानित बजेट | अक्षरमा |
|---|---|---|---|
| १ | राजस्व बाँडफाँड संघीय | ११९६०००००० | ११ करोड ९६ लाख |
| २ | राजस्व बाँडफाँड प्रदेश | १५४६४००० | १ करोड ५४ लाख ६४ हजार |
| ३ | वितीय समानीकरण संघीय | १०४७०००००० | १० करोड ४७ लाख |
| ४ | वितीय समानीकरण प्रदेश | ६४०३००० | ६४ लाख ३ हजार |
| ५ | आन्तरिक स्रोत नगरपालिका | १४०५९३०० | १ करोड ४० लाख ५९ हजार ३ सय |
| ६ | शसर्त अनुदान संघीय | ३४२३५५००० | ३४ करोड २३ लाख ५५ हजार |
| ७ | विशेष अनुदान संघीय | २६०००००० | २ करोड ६० लाख |
| ८ | समपुरक अनुदान प्रदेश | १३०००००० | १ करोड ३० लाख |
| ९ | शसर्त अनुदान प्रदेश | ४६२५२००० | ४ करोड ६२ लाख ५२ हजार |
| १० | सामाजिक सुरक्षा तथा संरक्षण | १३५०००००० | १३ करोड ५० लाख |
| | कुल जम्मा | ८२२८३३३०० | ८२ करोड २८ लाख ३३ हजार ३ सय |

नगरपालिकाले संकलन गर्ने आन्तरिक आयको शिर्षक गत विवरण र सोको दररेट समेत यसै साथ संलग्न आर्थिक ऐनमा उल्लेख गरी प्रस्ताव गरेको छु ।

**सभा अध्यक्ष महोदय, "पानी, पर्यटन र पूर्वाधार वर्ष" को रुपमा आ.व. २०८१/०८२ को बजेट खर्च/व्यय प्रस्तुत गर्दछु ।**

कुल बजेट ८२ करोड २८ लाख ३३ हजार ३ सय मध्ये चालु तर्फ ४५ करोड १४ लाख २१ हजार र पुजीगत तर्फ २३ करोड ६४ लाख १२ हजार ३ सय र समाजिक सुरक्षा तर्फ १३ करोड ५० लाखको बजेट प्रस्तुत गर्दछु ।

**हलेसी तुवाचुङ नगरपालिकाको आ.व. २०८१/०८२ को क्षेत्रगत बजेट विनियोजन विवरण**

| क्र.स | क्षेत्र/वडा | जम्मा | |
|---|---|---|---|
| **क** | **भौतिक पुर्वाधार तर्फ** | **६४६२००००** | ६ करोड ४६ लाख २० हजार |
| १ | सडक | २८११०००० | २ करोड ८१ लाख १० हजार |
| २ | भवन | १८१५०००० | १ करोड ८१ लाख ५० हजार |
| ३ | सञ्चार तथा सूचना प्रविधि | ३०००००० | ३० लाख |
| ४ | सम्पदा पूर्वाधार | ८८९०००० | ८८ लाख ९० हजार |
| ५ | पुनः निर्माण | ६४७०००० | ६४ लाख ७० हजार |
| **ख** | **सामाजिक विकास तर्फ** | **४६०७५०००** | ४ करोड ६० लाख ७५ हजार |
| १ | शिक्षा | ६०९०००० | ६० लाख ९० हजार |
| २ | खानेपानी | १८६५०००० | १ करोड ८६ लाख ५० हजार |
| ३ | स्वास्थ्य | ३७००००० | ३७ लाख |
| ४ | भाषा तथा संस्कृति | ५०००००० | ५० लाख |
| ५ | लैससास | ७६५०००० | ७६ लाख ५० हजार |
| ६ | युवा खेलकुद | ३१६०००० | ३१ लाख ६० हजार |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १८२५००० | १८ लाख २५ हजार |
| **ग** | **आर्थिक विकास** | २०२००००० | २ करोड २ लाख |
| १ | कृषि | ९६००००० | ९६ लाख |
| २ | उद्योग | १५००००० | १५ लाख |
| ३ | पर्यटन | ५९००००० | ५९ लाख |
| ४ | जल तथा सिचाइ | ३२००००० | ३२ लाख |
| **घ** | **सुशासन तथा संस्थागत विकास तर्फ** | ६१८७३०० | ६१ लाख ८७ हजार ३ सय |
| १ | सुशासन तथा संस्थागत विकास तर्फ | ६१८७३०० | ६१ लाख ८७ हजार ३ सय |
| **ङ** | **बन वाताबरण तथा विपद् व्यवस्थापन तर्फ** | ६४३०००० | ६४ लाख ३० हजार |
| १ | विपद | ६४३०००० | ६४ लाख ३० हजार |
| | **जम्मा रु** | **१४३५१२३००** | १४ करोड ३५ लाख १२ हजार ३ सय |

(१) **विनियोजनका सीमा र आधारहरु**

१.१ कार्यालयको सञ्चालनका अनिवार्य खर्च,

१.२ नगरवासीहरुको विकास र समृद्धिको चाहना,

१.३ सवै क्षेत्र,वर्ग र तहको समानुपातिक विकासका लागि गर्नुपर्ने लगानी,

१.४ विकासका साझेदारहरुसँग गर्नुपर्ने सहकार्यका लागि परिचालन गरिने स्रोतको व्यवस्था,

१.५ टोल बस्तीस्तरबाट छनौट र प्राथमिकिकरण भै आएका योजनाहरूको संख्या र आवश्यकता,

१.६ यसै सम्मानित सभाबाट स्वीकृत विनियोजन प्रस्ताव,

२. विगतमा सञ्चालन नभएका प्रकृतिका योजना र कार्यक्रमहरुलाई निरन्तरता प्राप्त गर्नका अलावा जैविक कृषि उत्पादन र पशुपन्छि जन्य उत्पादन लाई प्रोत्साहीत गर्न चालु आ.व. मा पशुपन्छि, पशु वीमा, र कृषि उत्पादनमा साझेदारी सहयोग कार्यक्रम विनियोजित गरिएको छ।

३. हलेसी तुवाचुङ नगरपाललकाको आन्तरिक आम्दानीको संभावना र नगर क्षेत्रभित्रको जैविक विविधता तथा वनक्षेत्र भित्ररहेका वन, वनस्पति, जिवजन्तु, किटपतङग संग सम्बन्धित भएर अध्ययन अनुसन्धान गर्न चाहने हलेसी तुवाचुङ नगरपालिका र खोटाङ जिल्लामा स्थायी बसोवास गने विद्यार्थीहरुले नगरकार्यपालिकाको कार्यालयको स्विकृतीमा अध्ययन अनुसन्धान गरेमा त्यस्तो अध्ययन अनुसन्धानको अन्तिम प्रतिवेदन प्राप्त भएमा नगरपालिका क्षेत्रभित्रका रहे र खोटाङ जिल्लाको भए सहुलियत उपलब्ध गराईने व्यवस्था मिलाईएको छ।

४. बजेट न्यून भई सम्पादन हुन नसक्ने महत्वपूर्ण कार्यक्रम तथा योजनाहरुलाई बहुबर्षिय कार्यक्रमको रुपमा सञ्चालन गर्ने गराउने व्यवस्था मिलाइएको छ।

५. टोल बस्ती वडा हुदै नगर सम्म प्राथमिकिकरण भई आएका तर रकम विनियोजन गर्न नसकिएका योजनालाई वडास्तर, नगरस्तर, प्रदेश स्तरर संघीयस्तरका योजनामा वर्गिकरण गरि योजना बैंकमा राखी स्रोत खोजी गर्न सक्ने अवस्था मिलाईएको छ।

६.यसै सभावाट स्वीकृत विनियोजन प्रस्तावले निर्धारण गरेको रकम रु ८२ करोड २८ लाख ३३ हजार ३ सयको योजना तथा कार्यक्रमहरुमा विनियोजन गरी स्वीकृत विवरण हलेसी तुवाचुङ नगरपालिकाको आ.व. ०८१/०८२ को विनियोजन विधेयक र यसका अनुसूचीहरुमा संलग्न राखी प्रस्ताव गरेको छु।

**बजेट तथा कार्यक्रहरुको छोटो, छरितो र सरल कार्यका लागि तपसिल अनुसारको थप व्यवस्थाको लागि प्रस्ताव गरेको छु।**

(क) वडा कार्यालयको सञ्चालनका लागि शिर्षकगत विनियोजन विवरण नगर प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले स्विकृत गरी कार्यान्वयन गर्न प्रस्ताव गरेको छु ।

(ख) भौतिक पूवाधारतर्फ योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा उक्त योजनामा विनियोजन भएको रकम लाई नगर कार्यपालिकाले उपलब्ध गराउने रकमको हिस्सा मात्र मानी उपभोक्ताले नियमानुसार थप गर्नुपर्ने लागत सहभागिताको रकम थप गरी योजनाको कुल बजेट कायम गरिनेछ ।यसरी उपभोक्ता समितिले लागत सहभागिता वापत थप गरेको रकममा कन्टिन्जेन्सी र मर्मत संभार कोष जस्ता रकम कट्टा नहुने तर नियम अनुसार कर कट्टा हुने प्रस्ताव गरीएको छ।

(ग) लागत सहभागीता जुटाउनु पर्ने योजना तथा कार्यक्रमको हकमा विगतका व्यवस्थाहरूलाई नै निरन्तरता दिइएको छ ।

(घ) नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरूलाई थप समय काममा खटाउदा प्रदान गरिने सेवा सुविधा, नगरकार्यपालिका, वडा समिति, विषयगत समितिहरूमा बैठकहरुको व्यवस्थापन गर्दा खटिने कर्मचारीको तह, संख्या र निजले पाउने भत्ता समेतलाई नियमित र व्यवस्थित गर्न तथा नगर कार्यपालिकास्तरीय र वडास्तरीय रूपमा संचालन गरिने क्षमता विकास, अन्तरक्रिया, सीप विकास जस्ता गोष्ठी सेमिनार, तालिम जस्ता कार्यक्रम सन्चालन गर्दा हुने खर्चको मापदण्ड प्रचलित संघीय, तथा प्रादेशिक कार्य सञ्चालन निर्देशिका तथा कार्यविधिको कार्यपालिकाले स्वीकृत गरी कार्यान्वयनमा ल्याउन प्रस्ताव गरिएको छ ।

माथि लिखित सम्पूर्ण योजना तथा कार्यक्रमहरु संचालन गर्न प्राप्त गर्ने आम्दानी र खर्चको विवरण पूर्णता दिन यसै बजेट तथा कार्यक्रमको सम्पूर्ण तथा अभिन्न अङ्गको रूपमा यस सम्मानित सभा समक्ष हलेसी तुवाचुङ नगरपालिका, आर्थिक विधेयक २०८१ र हलेसी तुवाचुङ नगरपालिका, विनियोजन विधेयक २०८१ मा संलग्न राखी छलफल र स्वीकृतिको लागि पेश गरेको छु ।

धन्यवाद ।

नगरस्तरिय योजना

| क्र.स. | शीर्षक | बजेट |
|---|---|---|
| १ | नगर समपुरक कोष (वडा कार्यालय, सडक बोर्ड) | १५००००००० |
| २ | शिक्षा | ३०००००० |
| ३ | प्रशासनिक भवन निर्माण | १००००००० |
| ४ | नगर सडक | ७०००००० |
| ५ | मर्मत सम्भार कोष | ३०००००० |
| ६ | महिला, बालबालिका, जेष्ठ नागरिक, दलित तथा अपाङ्ग | ५०००००० |
| ७ | तार जाली खरिद | २०००००० |
| ८ | पर्यटन तथा धार्मिक सांस्कृतिक संरक्षण तथा पूर्वाधार निर्माण | १००००००० |
| ९ | कृषि तथा पशुपन्छी | ५०००००० |
| १० | युवा तथा खेलकुद र खेल मैदान निर्माण | २०००००० |
| ११ | सेवा परामर्श (सडक गुरुयोजना, EIA, आवधिक योजना) | ३०००००० |
| १२ | विपद् व्यवस्थापन/सुरक्षित नागरिक आवास | ५०००००० |
| १३ | स्वास्थ्य | ३५००००० |
| १४ | सिँचाई | २०००००० |
| १५ | भाषा, साहित्य | १०००००० |
| १६ | युवा उद्यमशील तथा रोजगार साझेदारी कार्यक्रम | ३०००००० |
| १७ | नगर विकास गतिविधि सम्बन्धि कार्यक्रम उत्पादन तथा प्रशारण | ५००००० |
| १८ | सामुदायिक साँस्कृतिक पूर्वाधार निर्माण | ३०००००० |
| १९ | सूचना, प्रविधि सञ्चालन तथा व्यवस्थापन | ३०००००० |
| २० | खानेपानी संरचना निर्माण तथा व्यबस्थापन | १५०००००० |
| २१ | न्यायिक समिति | १०१२३०० |
| २२ | लक्षित समुदायसँग नरपालिका कार्यक्रम | १५००००० |
| | **जम्मा रकम** | **१०३५१२३००** |

| हलेसी तुवाचुङ नगरपालिका वडा नं.०१ बाहुनीडाँडा | | |
|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रमको नाम | रकम रु |
| | **भौतिक पूर्वाधार तर्फ** | **९००००** |
| १ | सडक मर्मत योजना | ४००००० |
| २ | बयक्ता मैतुङ ग्रामिण सडक निर्माण तथा मर्मत | ४००००० |
| ३ | कदुवा पानीटंकी निर्माण | १००००० |
| | **सामाजिक विकास तर्फ** | **१६०००००** |
| १ | कालिका मा.वि.नवनिर्मित भवन भऱ्याङ,रेलिङ र वाईरिङ | ३००००० |
| २ | मालिका मा.वि.तार घेराबारा | ३००००० |
| ३ | बेतासिरान खानेपानी योजना | १५०००० |
| ४ | सार्वजनिक प्रतिक्षालय निर्माण | १००००० |
| ५ | महिला,दलित,अपाङ्ग क्षमता विकास र जेष्ठ नागरिक सम्मान कार्यक्रम | १५०००० |
| ६ | वेलडाँडा आ.वि.प्लाष्टर योजना | १५०००० |
| ७ | धार्मिक तथा सास्कृतिक मूर्ति निर्माण (३ वटा) | ३००००० |
| ८ | भुमेस्थान संरक्षण योजना | १५०००० |
| | **आर्थिक विकास तर्फ** | **७०००००** |
| १ | बाहुनटार सिँचाई योजना मर्मत | २००००० |
| २ | किसान सँग साझेदारी कार्यक्रम | ४००००० |
| ३ | कृषि तरकारी विऊ विरुवा र पुशपालन निशुल्क औषधी वितरण | १००००० |
| | **सुशासन तथा संस्थागत विकास तर्फ** | **३०००००** |
| १ | बाल विकास कक्षा व्यबस्थापन | ३००००० |
| | **बन वाताबरण तथा विपद् व्यबस्थापन तर्फ** | **२५००००** |
| १ | बन वाताबरण तथा विपद् व्यबस्थापन | २५०००० |
| | **जम्मा** | **३७५००००** |

| हलेसी तुवाचुङ नगरपालिका वडा नं.०२ डिकुवा | | |
|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रमको नाम | रकम रु |
| | भौतिक पूर्वाधार तर्फ | २१५०००० |
| १ | फुसको व्यबस्थापन | ६५०००० |
| २ | २ नं. वडाका शाखा सडकहरु मर्मत तथा स्तरोउन्नती | ५००००० |
| ३ | सिमलचौर देविथान मन्दिर ढुङ्गाको पर्खाल घेराबारा निर्माण | १००००० |
| ४ | चिसापानी मुहान आरुवोट खानेपानी टंकी निर्माण | १५०००० |
| ५ | बलिदान चर्च शौचालय निर्माण | १५०००० |
| ६ | सुनकोशी आ.वि.फर्निचर व्यबस्थापन | २००००० |
| ७ | बलिदान चर्च घेरेडी निर्माण | २००००० |
| ८ | समिनयोङ भवन गेट निर्माण योजना | १००००० |
| ९ | कालिका देवि मन्दिर घेराबारा निर्माण योजना | १००००० |
| | सामाजिक विकास तर्फ | ९००००० |
| १ | दाम्ली ओफालाङ जावनामेलाखा टारगाऊ खानेपानी पाईप खरिद | ५००००० |
| २ | बर्षादको पानी संकलन दाम्ली पोखरी निर्माण | १५०००० |
| ३ | युवा तथा खेलकुद कार्यक्रम | १००००० |
| ४ | सुत्केरी तथा गर्भवती महिला कोशेली भेट र अपाङ्ग परामर्श | १५०००० |
| | आर्थिक विकास तर्फ | ४००००० |
| १ | दलित बर्गलाई आरन मेशिन खरिद | १००००० |
| २ | विद्युतिय मिल खरिद | ३००००० |
| | सुशासन तथा संस्थागत विकास तर्फ | १००००० |
| १ | वडा कार्यालय मैदान सम्याउने तथा फुलबारी बगैचा निर्माण योजना | १००००० |
| | बन वाताबरण तथा विपद् व्यबस्थापन तर्फ | २००००० |
| १ | कृषि बालि किटनासक विषादी खरिद तथा वितरण | १००००० |
| २ | विपद् व्यबस्थापन | १००००० |
| | जम्मा | ३७५०००० |

| हलेसी तुवाचुङ नगरपालिका वडा नं.०३ च्यास्मिटार | | |
|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रमको नाम | रकम रु |
| | **भौतिक पूर्वाधार तर्फ** | **१५५००००** |
| १ | साविक वडा नं. १ देखि ९ सम्मका सडक मर्मत | ४००००० |
| २ | वडा कार्यालय शौचालय निर्माण | २५०००० |
| ३ | वलिदान मण्डली व्यवस्थापन | १५०००० |
| ४ | क्लिनिक भवन छाना | १००००० |
| ५ | देउराली भस्मे सडक निर्माण | १००००० |
| ६ | देउराली कल्याण समिक्षालय निर्माण | ३००००० |
| ७ | इमानिसी मण्डली भवन निर्माण | २५०००० |
| | **सामाजिक विकास तर्फ** | **५०००००** |
| १ | सेतीदेवी घेराबारा | १००००० |
| २ | मकालीदेवी घेराबार | १००००० |
| ३ | च्यास्मिटार मा.वि भवन मर्मत | १५०००० |
| ४ | वडा स्तरीय खेलकुद कार्यक्रक | १५०००० |
| | **आर्थिक विकास तर्फ** | **११५००००** |
| १ | कृषि विषादी खरिद | १००००० |
| २ | च्यास्मिटार ५ हिल्टेक खरिद | १५०००० |
| ३ | रोकनी खानेपानी धारा निर्माण | १५०००० |
| ४ | सार्पादेवी चौरीटोल सडक | ३००००० |
| ५ | चोमालुङमा आ.वि. शौचालय निर्माण | २५०००० |
| ६ | चुनाखोला गोलुङ सडक योजना | २००००० |
| | **सुशासन तथा संस्थागत विकास तर्फ** | **१०००००** |
| १ | स्वास्थ्य चौकी व्यवस्थापन | १००००० |
| | **बन वाताबरण तथा विपद् व्यबस्थापन तर्फ** | **२०००००** |
| १ | विपद् व्यबस्थापन | २००००० |
| | **जम्मा** | **३५०००००** |

| हलेसी तुवाचुङ नगरपालिका वडा नं.०४ बडहरे | | |
|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रमको नाम | रकम रु |
| | **भौतिक पूर्वाधार तर्फ** | **१४५००००** |
| १ | लक्ष्मी मा.वि. खोक्सेली बेसी सडक स्तरोन्नती | ५००००० |
| २ | सडकहरु मर्मत | ४००००० |
| ३ | बाङ्मा सामुदायिक भवनको लागि शौचालय निर्माण | १५०००० |
| ४ | बोझे ओडार सार्वजनिक शौचालय निर्माण | १५०००० |
| ३ | बडहरे घोपाटार गोरेटो बाटो निर्माण तथा मर्मत | २५०००० |
| | **सामाजिक विकास तर्फ** | **१४५००००** |
| १ | एक घर एक जस्ता छाना कार्यक्रम बडहरे | ३००००० |
| २ | बसीनी देविथान तथा हात्तीवन पौडेल कुलथान मर्मत संभार | २००००० |
| ३ | माथिल्लो खोक्सेली दाहाल कुल थान मर्मत | १५०००० |
| ४ | ने.रे.शो. उपशाखा बडहरे कार्यालय व्यवस्थापन तथा पुस्तकालय निर्माण | १५०००० |
| ५ | बुङ्देल प्रा.वि. भवन मर्मत | १५०००० |
| ६ | बोझे ओडार आ.वि. व्यवथापन | १००००० |
| ७ | दुधकोशी आ.वि. व्यवस्थापन | १००००० |
| ८ | बुङ्देल मगर सिद्वथान मर्मत सम्भार | १००००० |
| ९ | युवा तथा खेलकुद कार्यक्रम | १००००० |
| १० | तल्लो खोक्सेलि दाहाल कुलथान मर्मत सम्भार | १००००० |
| | **आर्थिक विकास तर्फ** | **४००००००** |
| १ | कृषि तथा पशु प्रवर्द्धनात्मक कार्यक्रम | ३००००० |
| २ | अपाङ्ग दलित महिला लक्षित कार्यक्रम | १००००० |
| | **सुशासन तथा संस्थागत विकास तर्फ** | **१०००००** |
| १ | महिला स्वास्थ्य स्वयमसेविका प्रोत्साहन | १००००० |
| | **बन वाताबरण तथा विपद् व्यबस्थापन तर्फ** | **१०००००** |
| १ | बन वाताबरण तथा विपद् व्यबस्थापन | १००००० |
| | **जम्मा** | **३५०००००** |

| हलेसी तुवाचुङ नगरपालिका वडा नं.०५ दुर्छिम | | |
| --- | --- | --- |
| सि.नं. | योजना तथा कार्यक्रमको नाम | रकम रु |
| | **भौतिक पूर्वाधार तर्फ** | **१६०००००** |
| १ | चुमाखु भुमेथान निर्माण | ३००००० |
| २ | भन्ज्याङ डाडाबारी ग्रामिण सडक निर्माण | १००००० |
| ३ | भिमसेन थान सडक निर्माण सडक निर्माण छाँपडाडा | १००००० |
| ४ | सार्वजनिक भवन निर्माण काचुपात्ला | ३००००० |
| ५ | ५ नं वडा दुर्छिम भरिका ग्रामिण सडक मर्मत तथा स्तरोन्नती | ६००००० |
| ६ | भोक्तेला वाखिला ग्रामिण सडक निर्माण | २००००० |
| | **सामाजिक विकास तर्फ** | **८५००००** |
| १ | साल्तेम्मा कामी गाँउ पञ्चकन्या देविथान मर्मत | १००००० |
| २ | गैराटोल उत्तरानी सडक मर्मत | १००००० |
| ३ | साकेला नाँच आवश्यक सामाग्री व्यवस्थापन | १००००० |
| ४ | सालतेम्मा बालादेवि प्रतिक्षालय निर्माण | १००००० |
| ५ | राटमाटे आ.वि. भवन चेकवाल निर्माण | १००००० |
| ६ | सरस्वता आ.वि. फर्निचर व्यवस्थापन | १००००० |
| ७ | दामोदर आ.वि. कक्षा कोठा व्यवस्थापन | १००००० |
| ८ | युवा लक्षित खेलकुद व्यवस्थापन | १५०००० |
| | **आर्थिक विकास तर्फ** | **५०००००** |
| १ | कृषि तथा पशु प्रर्वधनात्मक कार्यक्रम | २००००० |
| २ | कृषि प्रबर्द्धन कार्यक्रम हैकामा कृषक समुह वानाम्ला | १००००० |
| ३ | आकासेपानी संकलन पोखरी निर्माण सोराचुङ | १००००० |
| ४ | रावा खानेपानी व्यवस्थापन साल्तेम्मा | १००००० |
| | **सुशासन तथा संस्थागत विकास तर्फ** | **६०००००** |
| १ | वडा कार्यालय परिसर मर्मत तथा व्यवस्थापन | ५००००० |
| २ | महिला स्वयम सेविका स्वास्थ्य विमा तथा अवलोकन भ्रमण | १००००० |
| | **बन वाताबरण तथा विपद् व्यबस्थापन तर्फ** | **२०००००** |
| १ | विपद् व्यबस्थापन | २००००० |
| | **जम्मा** | **३७५००००** |

| हलेसी तुवाचुङ नगरपालिका वडा नं.०६ मंगलटार | | |
|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रमको नाम | रकम रु |
| | **भौतिक पूर्वाधार तर्फ** | **१८५००००** |
| १ | भदौर खोक्सेली सडक विस्तार | ३००००० |
| २ | कटरबोट राबुखोला खानेपानी सडक विस्तार | ३००००० |
| ३ | मंगलटार सडक मर्मत | ३००००० |
| ४ | डाँडा गाउँ सामुदायिक भवन प्लाष्टर एवं खेलमैदान घेराबारा | २५०००० |
| ५ | भदौर खेलमैदान निर्माण | १००००० |
| ६ | राबुखोला धोबीखोला खानेपानी मर्मत | १००००० |
| ७ | लागत साझेदारीमा गौरटो बाटो मर्मत | १००००० |
| ८ | रत्न कालीका मन्दिर प्रतिक्षालय निर्माण | १००००० |
| ९ | रुपलक्ष्मी मन्दिर निर्माण देवीटार | १००००० |
| १० | महँकला मन्दिर निर्माण | १००००० |
| ११ | देविस्थान मन्दिर निर्माण ठुलाघर | १००००० |
| | **सामाजिक विकास तर्फ** | **८०००००** |
| १ | श्री पिपलडाँडा उच्च मा.वि. डेस्कटप मर्मत तथा खेलकुद व्यवस्थापन | २००००० |
| २ | दिपक जनज्योती आ.वि. मर्मत | १००००० |
| ३ | पद्मावती आ.वि. कार्यालय व्यवस्थापन | ८०००० |
| ४ | जनश्रम आ.वि.मर्मत एवम खेलकुद व्यवस्थापन | ६०००० |
| ५ | जनकल्याण आ.वि. कार्यालय तथा कक्षा कोठा व्यवस्थापन | ६०००० |
| ६ | स्वयम सेवीका प्रोत्साहन तथा स्टेचर खरिद साथै कार्यालय व्यवस्थापन | १५०००० |
| ७ | मंगलटार खेलकुद व्यवस्थापन | १५०००० |
| | **आर्थीक विकास तर्फ** | **५५००००** |
| १ | घुर्चु खानेपानि व्यवस्थापन | ३००००० |
| २ | कृषि संकलन केन्द्र व्यवस्थापन | १००००० |
| ३ | विषादी तथा उन्नत बिउबिजन खरिद | १५०००० |
| | **सुशासन तथा संस्थागत विकास तर्फ** | **१५००००** |
| १ | वडा कार्यालय व्यवस्थापन | १५०००० |
| | **बन वाताबरण तथा विपद् व्यबस्थापन तर्फ** | **१५००००** |
| १ | विपद् व्यबस्थापन | १५०००० |
| | **जम्मा** | **३५०००००** |

| हलेसी तुवाचुङ नगरपालिका वडा नं.०७ महादेबस्थान | | |
|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रमको नाम | रकम रु |
| | भौतिक पूर्वाधार तर्फ | ७००००० |
| १ | काभ्रे बस्ती ग्रामिण सडक सोलिङ | २००००० |
| २ | तल्ले ऐसुलुखर्क माझकिराँत सडक सोलिङ | ३००००० |
| ३ | बाटो मर्मत तथा तेल खरिद | २००००० |
| | सामाजिक विकास तर्फ | १८००००० |
| १ | हलेसी खानेपानी पाईप खरिद | ४००००० |
| २ | कात्तिके खानेपानी खानेपानी मेसीन खरिद | ५००००० |
| ३ | फुसको छाना हटाउने | ६००००० |
| ४ | गैरीगुठ ढुडीखोला खानेपानी मर्मत | ३००००० |
| | आर्थिक विकास तर्फ | ७००००० |
| १ | डाँडागुठ सिँचाई टंकी घेराबार | १००००० |
| २ | कृषि सामाग्री विऊ उपज विसादी खरिद | ४००००० |
| | कुटानी पिसानी मिल खरिद | २००००० |
| | सुशासन तथा संस्थागत विकास तर्फ | १००००० |
| १ | किराँत राई यायोख्खा | १००००० |
| | बन वाताबरण तथा विपद् व्यबस्थापन तर्फ | २००००० |
| १ | बन वाताबरण तथा विपद् व्यबस्थापन | २००००० |
| | जम्मा | ३५००००० |

| हलेसी तुवाचुङ नगरपालिका वडा नं.०८ धितुङ | | |
|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रमको नाम | रकम रु |
| | **भौतिक पूर्वाधार तर्फ** | **१८२००००** |
| १ | सडक विस्तार योजना | १०००००० |
| २ | शाखा सडक मर्मत योजना | ३००००० |
| ३ | नागरिक जस्ताछाना कार्यक्रम | ५२०००० |
| | **सामाजिक विकास तर्फ** | **५०००००** |
| १ | शैक्षिक प्रणाली सुधार | ३००००० |
| २ | युवा तथा खेलकुद व्यवस्थापन | १५०००० |
| ३ | लावाचुङ सास्कृतिक कार्यक्रम | ५०००० |
| | **आर्थीक विकास तर्फ** | **४०००००** |
| १ | कृषि बिषादी व्यवस्थापन | २००००० |
| २ | लागत साझेदारीमा हाते ट्याक्टर व्यवस्थापन | २००००० |
| | **सुशासन तथा संस्थागत विकास तर्फ** | **५५००००** |
| १ | तीनसल्ले सांस्कृतीक सम्पदा संरक्षण योजना | १००००० |
| २ | गैरी वालविकास भवन मर्मत योजना | १००००० |
| ३ | कात्तिके कुवा संरक्षण योजना | १००००० |
| ४ | धारादेखी चर्च घरसम्म पदमार्ग निर्माण | १५०००० |
| ५ | मिल खरिद योजना | १००००० |
| | **बन वाताबरण तथा विपद् व्यबस्थापन तर्फ** | **४८००००** |
| १ | वृक्षारोपण तथा खानेपानी मुहान संरक्षण | १००००० |
| २ | विपद् व्यबस्थापन | ३८०००० |
| | **जम्मा** | **३७५००००** |

| हलेसी तुवाचुङ नगरपालिका वडा नं.०९ सल्ले | | |
|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रमको नाम | रकम रु |
| | **भौतिक पूर्वाधार तर्फ** | २२०००००० |
| १ | सल्लेका सडकहरु मर्मत तथा स्तरोन्नती | ७६०००० |
| २ | सडकलाई ढुङ्गा ढुवानी सेवा योजना | १००००० |
| ३ | सोलेमा भिर संरक्षण योजना | २७०००० |
| ४ | दलित बस्ति संरक्षण | १५०००० |
| ५ | भुमेथान रेलिङ तथा व्यवस्थापन तल्लो चिचिङ्गा | १००००० |
| ६ | चक्कुखोला माझकुलो मर्मत निसङखे | २००००० |
| ७ | सरस्वति आ.वि. भवन मर्मत फर्निचर र हिल टंकी खरिद | १२०००० |
| ८ | बालकन्या आ.वि. भवन मर्मत | ३००००० |
| ९ | पोखरी माथिल्लो मगरगाँउ सडक निर्माण मर्मत | २००००० |
| | **सामाजिक विकास तर्फ** | ६००००० |
| १ | आमा समूहलाई मिल खरिद | २००००० |
| २ | कोशेली भेटघाट तथा सेवा परामर्श कार्यक्रम | १००००० |
| ३ | रक्तकन्यादेवी मन्दिर निर्माण डुम्रिबोट | १००००० |
| ४ | घाटप्रतिक्षालय निर्माण महादेववेशी | २००००० |
| | **आर्थिक विकास तर्फ** | ३००००० |
| १ | पायप खरिद | १००००० |
| २ | कृषि विषादि र पशु औषधी खरिद | २००००० |
| | **सुशासन तथा संस्थागत विकास तर्फ** | २५०००० |
| १ | लालीगुँरास आमा समुह भवन ढलान र प्लाष्टर | १५०००० |
| २ | सल्ले स्वास्थ्य चौकी भवन व्यवस्थापन र फर्निचर निर्माण | १००००० |
| | **बन वाताबरण तथा विपद् व्यबस्थापन तर्फ** | १५०००० |
| २ | विपद् व्यबस्थापन | १५०००० |
| | **जम्मा** | ३५००००० |

| हलेसी तुवाचुङ नगरपालिका वडा नं.१० अखौंले | | |
|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रमको नाम | रकम रु |
| | **भौतिक पूर्वाधार तर्फ** | **१८५००००** |
| १ | सडक मर्मत तथा सरसफाई | ३००००० |
| २ | लुभु बाटो निर्माण | २००००० |
| ३ | बिजुले ठाडो बाटो | १००००० |
| ४ | साबिक वडा नं १,३,४, सोलिङ साथै नाली निर्माण | ३००००० |
| ५ | साबिक वडा नं ६ तल्लो बाटो सोलिङ | १५०००० |
| ६ | गुप्तेश्वर बाटो सोलिङ | १००००० |
| ७ | देउराली सिखर कटेरी जाने बाटो सोलिङ | ३००००० |
| ८ | चमारेटार बाटो निर्माण | २००००० |
| ९ | पामेचुली पदमार्ग | १००००० |
| १० | वडा कार्यालय जाने बाटो व्यवस्थापन | १००००० |
| | **सामाजिक विकास तर्फ** | **७०००००** |
| १ | पाइप खरिद | १५०००० |
| २ | युवा तथा खेलकुद | १००००० |
| ३ | डुडे पाइप खरिद | १००००० |
| ४ | खानेपानी मुहान संरक्षण | १००००० |
| ५ | मगर समाज संस्कृति संरक्षण | १००००० |
| ६ | लक्षित कार्यक्रम महिला, दलित, जनजाती , बालबालिका | १५०००० |
| | **आर्थिक विकास तर्फ** | **४५००००** |
| १ | कृषि बिषादी खरिद | १००००० |
| २ | लिबोटे आहाल निर्माण | १००००० |
| ३ | सिंचाई फेदी तल्लो कुलो | १००००० |
| ४ | सरस्वती मा.वि. तर्फको ढल निकास | १५०००० |
| | **सुशासन तथा संस्थागत विकास तर्फ** | **३२५०००** |
| १ | वडा कार्यालय व्यवस्थापन | २००००० |
| २ | शहरी स्वास्थ्य केन्द्र शौचालय निर्माण | १००००० |
| ३ | स्वयमसेविका प्रोत्साहन | २५००० |
| | **बन वाताबरण तथा विपद् व्यबस्थापन तर्फ** | **४२५०००** |
| १ | सुचना संचार बिपद व्यवस्थापन तथा आर्थिक सहयोग | २५०००० |
| २ | फोहोरमैला व्यवस्थापन | १७५००० |
| | **जम्मा** | **३७५००००** |

| हलेसी तुवाचुङ नगरपालिका वडा नं.११ राजापानी | | |
|---|---|---|
| सि.नं. | योजना तथा कार्यक्रमको नाम | रकम रु |
| | **भौतिक पूर्वाधार तर्फ** | १२००००० |
| १ | मंसिरे देखि रातमाटे जोड्ने ग्रा.स.निर्माण | ५००००० |
| २ | साखा सडकहरु मर्मत | ४००००० |
| ३ | नेवारे देखि हापारे जोड्ने ग्रा.स.निर्माण | २००००० |
| ४ | फलाटे देखि गढी डाँडा सम्म सिढी निर्माण | १००००० |
| | **सामाजिक विकास तर्फ** | ९००००० |
| १ | नित पधेरा खानेपानी टंकी निर्माण | २००००० |
| २ | वालकन्य पञ्चावती देविथान मन्दिर मर्मत | १००००० |
| ३ | हात्तेल बुढौली देविस्थान मन्दिर र खोस्टे संसारी मन्दिर निर्माण | १००००० |
| ४ | खाम्तेल नेवार सामाजिक गुठी शौचालय निर्माण | १००००० |
| ५ | काउले रोक्का डाँडा आहाल निर्माण | ५०००० |
| ६ | राधाकृष्ण मन्दिर शौचालय निर्माण | १००००० |
| ७ | दिनवाली पधेरो मर्मत | ५०००० |
| ८ | ठुलो पुल छोटीपुल कुलो मर्मत योजना | १५०००० |
| ९ | गुयले मुहान कात्तिके धुसेनी खानेपानी पाईप खरिद | ५०००० |
| | **आर्थिक विकास तर्फ** | ९००००० |
| १ | बिषादी खरिद | २००००० |
| २ | लिचिको विरुवा खरित तथा भाडबेसी उखु मिल मर्मत | १००००० |
| ३ | लिचिको विरुवा खरित साविका ५ नं. | ५०००० |
| ४ | शिवालउ बुहुउद्देश्य कृषि तथा पशुपंक्षि फर्मलाई पोखरी ढलान तथा निर्माण | २००००० |
| ५ | ढुङ्गेनि, मंसिरे ,टाकिटार ,वेलबोटे र तल्ले मानपुरलाई मिल खरिद | २५०००० |
| ६ | दलित तथा लक्षित बर्गलाई सिपमुलक कार्यक्रम | १००००० |
| | **सुशासन तथा संस्थागत विकास तर्फ** | ५००००० |
| १ | अजम्वरी आमा समुह भवन मर्मत | ५०००० |
| २ | सम्पूर्ण विद्यालय शैक्षिक सुधार कार्यक्रम | १००००० |
| ३ | युवा तथा खेलकुद कार्यक्रम | १००००० |
| ४ | कालिका आ.वि.कक्षाकोठा ढलान तथा मर्मत | १००००० |
| ५ | हिंमगंगा आ.वि.वाल विकास कक्षा व्यबस्थापन | ५०००० |
| ६ | पञ्चकौशिका आ.वि.कक्षाकोठा व्यबस्थापन | ५०००० |
| ७ | पर्शुरामेश्वर शिवालय मन्दिर व्यबस्थापन | ५०००० |
| | **बन वाताबरण तथा विपद् व्यबस्थापन तर्फ** | २५०००० |
| १ | विपद व्यवस्थापन | २५०००० |
| | **जम्मा** | ३७५०००० |